NJ: NUTA

# त्रिभुवन विश्वविद्यालयमा शैक्षिक उपलब्धि : बुटवल बहुमुखी क्याम्पस स्वास्थ्य शिक्षा ५१८ विषयको एक अध्ययन एवं विश्लेषण

**कृष्ण प्रसाद पौडेल**
बुटवल बहुमुखि क्याम्पस, बुटवल
पश्चिम नेपाल
Email for correspondence: paudelkp@yahoo.com

**सारसंक्षेप**

*त्रिभुवन विश्वविद्यालयले नेपालको उच्च शिक्षाको विकास तथा विस्तार गर्ने सर्वोच्च संस्थाको रुपमा स्थापित भएको छ । यस विश्वविद्यालयमा विद्यार्थीको आकर्षण वृद्धि हुँदै गइरहेको सन्दर्भमा त्रिभुवन विश्वविद्यालयको शैक्षिक उपलब्धि भन्ने शीर्षकमा आधारित लेखमा स्वास्थ्य शिक्षा ५१८ विषयको शैक्षिक उपलब्धिको पहिचान तथा व्याख्या विश्लेषण गर्ने उद्देश्य अनुरुप द्वितीय स्रोत उपयोग गरी त्रिभुवन विश्वविद्यालय बुटवल बहुमुखी क्याम्पस एम. एड. प्रथम वर्षको स्वास्थ्य शिक्षा विषय अध्ययन गर्ने २०६६ (११९ जना) २०६७ (७८ जना) र २०६८ (१०८ जना) सालमा वार्षिक परीक्षामा सम्मिलित विद्यार्थीको (स्वास्थ्य शिक्षा ५१८विषयको) प्राप्ताङ्कको आधारमा व्याख्या विश्लेषण गरिएको छ । यस अध्ययनमा विद्यार्थीको औषत प्राप्ताङ्क तुलनात्मक रुपमा २०६८ सालको सन्तोषजनक मान्न सकिन्छ । यसैगरी विद्यार्थीले मध्यम खालको अङ्क प्राप्त गरेको प्राप्ताङ्क विवरणले देखाउँछ भने प्राप्ताङ्कको श्रेणी अनुसारको वर्गीकरण तुलना गर्दा २०६८ सालको उपयुक्त रहेको मानिन्छ । त्रिभुवन विश्वविद्यालयले मध्यम र उच्च स्तरीय जनशक्ति तयार पार्ने उद्देश्य अनुरुप विश्व परिवेश र समयको आवश्यकता अनुरुप पाठ्यक्रम परिमार्जन तथा विकास गरिरहेको प्रयत्नलाई सफल बनाउन शिक्षँक तथा विद्यार्थीको सिकाउने सिक्ने तरिका तथा परिवेशमा नयाँ नयाँ प्रविधि र शैलीहरु उपयोग गर्न सकेमा त्रिभुवन विश्वविद्यालयको शिक्षाको गुणस्तरमा सुधार ल्याउन सकिने कुरामा विश्वास गर्न सकिन्छ ।*

**मुख्य शब्दावलीहरु :** औषत प्राप्ताङ्क, मध्यम तथा उच्चस्तरीय जनशक्ति शिक्षाको गुणस्तर, शैक्षिक उपलब्धि, विश्वविद्यालय ।

## परिचय

नेपालमा उच्च शिक्षाको प्रारम्भ सन् १९१८ तदनुसार वि.सं. १९७५ मा त्रिभुवन चन्द्र इन्टरमिडियट कलेज (हाल त्रिचन्द्र बहुमुखी क्याम्पस) को स्थापनाबाट भएको हो । सुरुमा कलकत्ता र पछि पटना विश्वविद्यालयसँग यसको सम्बन्धन थियो । यस कलेजको प्रारम्भ सँगसँगै नेपालमा मानविकी र विज्ञान विषयमा उच्च शिक्षाको पढाइ सुरु भयो । यस कलेजमा सुरुमा आइ एस्सी र सन् १९४८ देखि वि एस्सी तहको पढाइ सुरु भयो, यसैगरी सन् १९५४ मा वाणिज्य शिक्षण विभागको स्थापना भई वाणिज्य विषयमा पनि उच्च शिक्षाको पढाइ सुरु भयो । संस्कृत उच्च शिक्षातर्फ वि.सं. १९३२ मा काठमाण्डौंमा रानिपोखरी प्रधान पाठशाला र दिङलामा अर्को

पाठशालाको स्थापना भयो । वि.सं.१९७३ देखी रानीपोखरी पाठशाला शास्त्री तहको पढाइ सुरु गरि परीक्षा दिन अनौपचारिक रुपमा बनारस (गर्भमेन्ट संस्कृत कलेज) पढाउने गरेको पाइन्छ । वि.सं. २००८ सालमा राजकिय संस्कृत महाविद्यालयको स्थापना भएपछि धरानमा निजी स्तरमा पिण्डेश्वरी महाविद्यालय (२०११) को स्थापना भयो । यसबाहेक जनकपुर, मटिहानी, रिडी, कलैया, तौलिहवा, पोखरा तथा पाल्पामा संस्कृत प्रधान पाठशालाहरु खुले र पछि यिनिहरुमा शास्त्री तथा आचार्य तहको पढाइ सुरु भएको पाइन्छ । (विश्वविद्यालय अनुदान आयोग, प्रतिवेदन २०५२/५३:१)

नेपालमा उच्च शिक्षालाई सफल र सुदृढ बनाउन विश्वविद्यालय स्थापना गर्नुपर्छ भन्ने मान्यता बमोजिम २००५ साल भाद्र १० गतेका दिन तत्कालिन डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सन मृगेन्द्र शमशेरको अध्यक्षतामा एक पच्चीस सदस्यीय प्रथम विश्वविद्यालय योजना सभा गठन भयो । यसका विभिन्न वैठकहरु हुँदै गए, विश्वविद्यालय स्थापना गर्न बजेट समेत छुट्टाइयो । त्रि.वि. कमिसन गठन गरी विश्वविद्यालय स्थापनाको कार्य गर्ने गरी निर्णय पनि भएको थियो तर २००७ सालको परिवर्तनले तत्काल यस कार्य सफल हुन सकेन। (शर्मा २०६२: १५८)

वि.सं. २००७ सालमा भएको परिवर्तन पश्चात २००९ सालमा उच्च शिक्षालाई व्यवस्थित रुप दिन शिक्षा समितिको गठन भएपछि सो समितिले “राष्ट्रिय शिक्षा अयोग”बनाउन सिफारिस गऱ्यो । २०११ साल चैत्र ०९ गते देखी उक्त आयोगले कार्य संचालन गरी शिक्षामा विभिन्न स्तरवारे एक प्रतिवेदन प्रस्तुत गऱ्यो, जसमा पाँच वर्षभित्र एक राष्ट्रिय विश्वविद्यालय स्थापना गर्न सिफारिस गरिएको थियो । यसै सिफारिसका आधारमा २०१२ चैत्र १२ गतेका दिन त्रि.वि. कमिसन २०१२ गठन भई उक्त कमिसनले २०१६ साल जेष्ठ १३ गते त्रिभुवन विश्वविद्यालय ऐनको व्यवस्था गरे अनुरुप मुख्यतः सरकारी आर्थिक दायित्वमा २०१६ साल आषाढ ३० गते आषाढ शुक्ल नवमीका दिन त्रिभुवन विश्वविद्यालयको विधिवतः स्थापना  भयो । (त्रि.वि. विशेषाङ्क, २०६९:५०, विश्वविद्यालय अनुदान आयोग प्रतिवेदन २०५२/५३:२) देशमा उच्च शिक्षाको विकास र विस्तार, राष्ट्रको ऐतिहाँसिक र साँस्कृतिक सम्पदाको संरक्षण, कला, विज्ञान वाणिज्य आदी विषयमा अध्ययन र अनुसन्धान कार्य गर्ने उद्देश्य लिएर स्थापना भएको त्रिभुवन विश्वविद्यालयको कार्यलय शुरुमा त्रिपुरेश्वरमा र हाल किर्तिपुरमा रहेको छ । त्रि.वि. केन्द्रिय शिक्षण विभागहरु तथा केन्द्रिय कार्यालय पनि त्यहीँ नै संचालित छन् । त्रिभुवन विश्वविद्यालयको संचालनपछि उच्च शिक्षाको विस्तार र स्तर वृद्धिलाई विशेष ध्यानमा राखी शैक्षिक सुधारहरु गर्ने क्रम उच्चस्तरिय आयोगहरु गठन भए जसले विभिन्न सुधारात्मक सुझावहरु पेश गरे । देशमा विद्यमान पुरानो शिक्षा पद्धतिमा परिवर्तन ल्याउन ‘राष्ट्रिय शिक्षा पद्धतिको योजना’ (NESP) ल्याइयो । उच्च शैक्षिक व्यवस्थापनमा परिवर्तन ल्याउने क्रममा उक्त योजना लागु गर्न सर्वप्रथम २०१६ सालको त्रि.वि.ऐन खारेज गरी नयाँ त्रि.वि. ऐन २०२८ लागु गरियो । उक्त ऐनले त्रि.वि. लाई उच्च शिक्षाको सम्पूर्ण जिम्मेवारी बहन गर्ने एउटै छाताको रुपमा अधिकार प्रदान गऱ्यो । उक्त अधिकारको आधारमा सवै प्रकारका महाविद्यालयहरुलाई त्रिभुवन विश्वविद्यालयकै आङ्गिक क्याम्पसहरुको रुपमा एकिकृत गरियो । त्रिभुवन विश्वविद्यालय स्थापना हुँदा सवै क्षेत्रका गरी जम्मा २५ वटा उच्च शिक्षण संस्थाहरु थिए भने २०२९ सालमा ४९ वटा उच्च शिक्षण संस्थाहरु र त्यसमा अध्ययन गर्ने १७,००० (सत्र हजार) विद्यार्थी पुगेका थिए । NESP लागु भएपछि २०२९ साल श्रावण १ गतेदेखी त्रिभुवन विश्वविद्यालयले सेमेष्टर परिक्षा प्रणाली लागु गऱ्यो साथै डिग्री तह पुरा गर्नका लागि २ सेमेष्टर पढिसकेपछि १० महिने राष्ट्रिय विकास सेवा (NDS) कार्यक्रम पनि राखिएको थियो । वर्तमान अवस्थामा यसलाई त्रि.वि.को कार्यक्रमबाट हटाइएको छ । २०३२ सालमा NESP लाई मध्यावधि र २०३३ सालमा पुर्णावधि मुल्याङ्कन गरियो । परिणाम स्वरुप उच्च शिक्षामा रहेका कमिकमजोरीहरु पहिचान गरिए र सेमेष्टर परीक्षा प्रणाली पनि अव्यवहारिक सावित हुन पुग्यो । NESP लागू भएपछि त्रि.वि. मा शैक्षिक प्राज्ञिक र प्रशासनिक विकेन्द्रीकरण क्रमशः विकसित हुँदै गयो । यसबाट उच्च शिक्षामा अनेकौं समस्याहरु देखा पर्न थाले र यसै सन्दर्भमा उठेका

समस्याहरुको समाधान गर्न गठित शाही उच्च शिक्षा आयोग ले २०४० सालमा एक प्रतिवेदन पेश गऱ्यो । उक्त प्रतिवेदनले देशमा विद्यमान एकल विश्वविद्यालय पद्धतिलाई समाप्त पारी बहुविश्वविद्यालयको अवधारण ल्यायो र यसै प्रतिवेदन अनुसार उच्च शिक्षामा संस्कृत विषयको विशेष भुमिकालाई समेत ध्यानमा राखी महेन्द्र संस्कृत विश्वविद्यालय ऐन, २०४३ अन्तर्गत महेन्द्र संस्कृत विश्वविद्यालय (हाल नेपाल संस्कृत विश्वविद्यालय) स्थापना भयो । (विश्वविद्यालय अनुदान आयोग. प्रतिवेदन २०५२/५३:२)

यसरी बहुविश्वविद्यालयको अवधारणा पारित भएपछि गैरसरकारी तहमा काठमाण्डौं विश्वविद्यालय, (२०४८ सालमा) जनस्तरबाट पूर्वाञ्चल विश्वविद्यालय, (२०५० सालमा) निजीक्षेत्रको सहभागितामा पोखरा विश्वविद्यालय (२०५३ सालमा), लुम्बिनी बौद्ध विश्वविद्यालय (२०६३ सालको) नेपाल सरकारको लगानीमा कृर्षि तथा वन विज्ञान विश्वविद्यालय (२०६७), मध्यमाञ्चल विश्वविद्यालय (२०६७) र सुदुरपश्चिमाञ्चल विश्वविद्यालय (२०६७) स्थापना भइसकेका छन् । (त्रि.वि. विशेषङ्क २०६९: ५३) त्रिभुवन विश्वविद्यालयले राष्ट्रिय, क्षेत्रिय तथा अन्तराष्ट्रिय स्तरमा आफ्नो गरिमा स्थापित गर्न सफल भएको छ । त्रि.वि. ले आफ्नो शैक्षिक कार्यक्रम संचालन गर्न आफ्नो सांगठनिक स्वरुपभित्र ५ वटा अध्ययन संस्थान, ४ वटा शंकाय, ४ वटा अनुसन्धान केन्द्र, ३९ वटा केन्द्रिय विभागहरु, ६० वटा आङ्गिक क्याम्पस र ८३२ भन्दा बढि सम्बन्धन प्राप्त क्याम्पसहरुमा आफ्ना कार्यक्रम संचालन गर्दै आएको छ । यसले केहि प्राविधिक विषय वाहेक प्रविणता प्रमाणपत्र तहलाई शैक्षिक वर्ष २०६७/२०६८ देखी पूर्णतः वन्द गरी स्नातक तहदेखी विद्यावारिधी तहसमम्मका कार्यक्रमहरुलाई अन्तराष्ट्रिय मापदण्डअनुरुप अगाडी बढाउँदै लैजान प्रयत्न गर्दै आएको छ ।

(त्रि.वि. विशेषाङ्क २०६९:५१) त्रिभुवन विश्वविद्यालयमा २०६८/२०६९ मा अध्ययनरत कुल विद्यार्थी ३ लाख ७३ हजार ८४६ मध्ये आङ्गिक क्याम्पसमा १ लाख ४३ हजार ८९९ (३८.४९ प्रतिशत) र सम्बन्धन प्राप्त क्याम्पसमा २ लाख २९ हजार ९४७ (६१.५१ प्रतिशत) रहेको छ भने विश्वविद्यालयको अध्यापन कार्यमा ७ हजार ९५० जना शिक्षक तथा ७ हजार १२२ प्रशासनिक एवं प्राविधिक कर्मचारीहरु कार्यरत रहेका छन् । (त्रि.वि. बुलेटिन,२०६९: १२)

त्रिभुवन विश्वविद्यालयका ६० वटा आङ्गिक क्याम्पसहरुमध्ये रुपन्देही जिल्लाको बुटवल नगरिमा अवस्थित बुटवल बहुमुखी क्याम्पस २०३० साल पौष ४ गते शिक्षा शास्त्र संकायको कार्यक्रमबाट शुभारम्भ भएर पछि विभिन्न शंकायहरुको अध्यापन कार्य संचालन गर्दै आएको संस्थामा २०५१/२०५२ देखि बि. एड. यसैगरी २०६२/२०६३ सालदेखी स्नातकोत्तर तहको शिक्षाशास्त्र संकायको कार्यक्रममा स्वास्थ्यशिक्षामा एम्.एड तहको पठनपाठन हुँदै आएको छ । एम. एड. तहमा स्वास्थ्य शिक्षा विषय अध्ययन गर्ने विद्यार्थीहरुको चाप बढिरहेको सन्दर्भमा स्वास्थ्य शिक्षा विषय अन्तर्गत प्रथम वर्षमा अध्ययन गर्ने मानव यौनिकता तथा प्रजनन् स्वास्थ्य (स्वास्थ्य शिक्षा ५१८) विषयको विगत ३ शैक्षिक सत्रमा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क विवरणका आधारमा विद्यार्थीको शैक्षिक उपलब्धीको अध्ययन तथा विश्लेषण गरिएको छ ।

## उद्देश्य

यस अध्ययन लेखनको मुख्य उद्देश्य एम.एड. प्रथम वर्षमा स्वास्थ्य शिक्षा अध्ययन गर्ने विद्यार्थीको (स्वास्थ्य शिक्षा ५१८) को शैक्षिक उपलब्धिको पहिचान तथा व्याख्या विश्लेषण गर्नु रहेको छ ।

## अध्ययन विधि तथा सामाग्री

यस अध्ययन द्धितिय स्रोतमा आधारित छ । बुटवल बहुमुखी क्याम्पसमा एम्.एड. प्रथम बर्षमा स्वास्थ्य शिक्षा विषय अध्ययन गरेर वार्षिक परीक्षामा सम्मिलित भएका २०६६ सालका (११९ जना), २०६७ सालका (७८ जना), २०६८ सालका (१०८ जना) विद्यार्थीहरुको फरक फरक शैक्षिक शत्रको (स्वास्थ्य शिक्षा ५१८) को प्राप्ताङ्कलाई मुख्य आधारमानी आवश्यक सुचना तथा पूर्वप्रकाशित लेख रचनाहरुलाई उपयोग गरिएको छ ।

## नतिजा

त्रिभुवन विश्वविद्यालय बुटवल बहुमुखी क्याम्पस, शिक्षाशास्त्र संकाय अन्तर्गत एम.एड. तहमा स्वास्थ्य शिक्षा विशिष्ठीकरण विषय लिइ प्रथम वर्षमा अध्ययन गरी परीक्षामा सामेल भइसकेका विद्यार्थीहरुको मानव यौनिकता तथा प्रजनन् स्वास्थ्य ९ज्भ्छज्ञड० विषयको शैक्षिक उपलब्धीको लेखाजोखा गर्ने क्रममा २०६६,२०६७ र २०६८ सालमा सम्मिलित विद्यार्थीको परीक्षाको प्राप्ताङ्कलाई आधार बनाएर अध्ययन गरिएको तथ्याङ्क तथा सूचनाहरुलाई विभिन्न तालिकामा प्रस्तुत गरि व्याख्या विश्लेषण गरिएको छ ।

**तालिका-१: *शैक्षिक वर्ष अनुसार HE518 को १०० पूर्णाङ्कको औषत अंक***

| शैक्षिक वर्ष | न्युनतम अंक | अधिकतम अंक | औषत अंक |
|---|---|---|---|
| २०६६/०६७ | ०६ | ६७ | ३६.५ |
| २०६७/०६८ | ०८ | ५४ | ३१.० |
| २०६८/०६९ | २८ | ७१ | ४९.५ |

**(परीक्षा शाखा, बु.ब.क्या. २०६६-२०६८) ।**

तालिका:१ मा प्रस्तुत विवरणलाई व्याख्या गर्दा स्वास्थ्य शिक्षा:५१८ विषयमा २०६६ सालको शैक्षिक वर्षमा (११९जना) विद्यार्थीले प्राप्त गरेको औषत प्राप्ताङ्क ३६.५, यसैगरी २०६७ मा (७८ जना) विद्यार्थीले प्राप्त गरेको औषत अंक ३१ छ भने २०६८ सालमा (१०८ जना) विद्यार्थीले प्राप्त गरेको औषत अंक ४९.५ रहेको हुनाले तुलनात्मक रुपमा २०६७ को तुलनामा २०६६ सालको र २०६६ को तुलनामा २०६८ सालको औषत प्राप्ताङ्क उपयुक्त भएको तथ्याङ्कले प्रस्तुत गर्दछ ।

**तालिका-२: *विद्यार्थीले १०० पूर्णाङ्कमा प्राप्त गरेको प्राप्ताङ्कको वर्गीकरण***

| प्राप्ताङ्क | २०६६ | | २०६७ | | २०६८ | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ४० अक भन्दा कम | १३ | १०.९२ | २३ | २९.४९ | ०२ | १.८५ |
| ४०-४९ | ४५ | ४१.१८ | ४८ | ६१.५४ | २६ | २४.०७ |
| ५०-५९ | ५३ | ४४.५४ | ०७ | ८.९७ | ६१ | ५६.४८ |
| ६० भन्दा बढी | ०४ | ३.३६ | – | – | १९ | १७.६० |
| | ११९ | १००.०० | ७८ | १००.०० | १०८ | १००.०० |

**(परीक्षा शाखा, बु.ब.क्या. २०६६-२०६८) ।**

तालिका-२ लाई विश्लेषण गर्दा १०० पूर्णाङ्कको विषयमा २०६६ सालको परीक्षामा १०.९२ प्रतिशत विद्यार्थी उत्तीर्ण हुन नसकेको, ४१.१८ प्रतिशत विद्यार्थी पास श्रेणीको अंक ल्याउन सफल भएको, ४४.५४ प्रतिशत विद्यार्थीले द्धितिय श्रेणीको अंक प्राप्त गरेका र ३.३६ प्रतिशत विद्यार्थीले प्रथम श्रेणीको अंक प्राप्त गर्न सफल भएको यसैगरी २०६७ सालमा सहभागी विद्यार्थी मध्ये २९.४९ प्रतिशत असफल भएको बाँकी ६१.५४ प्रतिशतले पास श्रेणीको अंक प्राप्त गर्न सफल भएको,८.६७ प्रतिशतले द्धितीय श्रेणीको अंक प्राप्त गर्न सफल भएको यस्तै प्रकारले २०६८ सालको परीक्षामा सहभागी विद्यार्थी मध्ये १.८५ प्रतिशत पास हुन नसकेको, २४.०७ प्रतिशत पास श्रेणीको अंक प्राप्त गर्न सफल भएको, ५६.४८ प्रतिशतले द्धितिय श्रेणीको अंक आर्जन गरेको र १७.६० प्रतिशत विद्यार्थीले प्रथम श्रेणीको अंक आर्जन गर्न सफल भएको तथ्याङ्कले स्पष्ट पारेको छ । यसप्रकार आर्जन गरेको प्राप्ताङ्कलाई विश्लेषण गर्दा २०६८ सालको विद्यार्थीको प्राप्ताङ्कलाई सन्तोषजनक मान्न सकिन्छ ।

**तालिका-३:** ***प्राप्ताङ्क अनुसार विद्यार्थी संख्या विवरण***

| विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क विवरण | प्राप्ताङ्क अनुसार विद्यार्थी संख्या विवरण | | | जम्मा |
|---|---|---|---|---|
| | २०६६ | २०६७ | २०६८ | |
| ०६ | ०१ | – | – | ०१ |
| ०८ | – | ०२ | – | ०२ |
| ११ | – | ०१ | – | ०१ |
| १५ | – | ०१ | – | ०१ |
| १७ | ०१ | – | – | ०१ |
| २७ | ०१ | ०१ | – | ०२ |
| २८ | ०१ | ०१ | ०१ | ०३ |
| २९ | ०१ | ०३– | – | ०४ |
| ३० | – | ०१ | ०१ | ०२ |
| ३१ | ०१ | ०२ | – | ०३ |
| ३२ | ०२ | ०२ | – | ०४ |
| ३३ | – | ०३ | – | ०३ |
| ३४ | ०४ | ०२ | – | ०६ |
| ३५ | ०१ | ०४ | – | ०५ |
| ४० | ०८ | १२ | ०३ | २३ |
| ४१ | ०१ | ०३ | ०३ | ०७ |
| ४२ | ०२ | ०३ | ०३ | ०८ |
| ४३ | ०७ | ०७ | ०१ | १५ |
| ४४ | ०४ | ०५ | ०१ | १० |
| ४५ | ०४ | ०४ | ०१ | ०९ |
| ४६ | ०८ | ०७ | – | १५ |
| ४७ | ०६ | ०२ | ०६ | १४ |
| ४८ | ०२ | ०३ | ०३ | ०८ |
| ४९ | ०७ | ०२ | ०५ | १४ |
| ५० | ०७ | ०१ | ०६ | १४ |
| ५१ | ०७ | ०३ | ०७ | १७ |
| ५२ | ०६ | – | ०९ | १५ |
| ५३ | ०५ | ०१ | ०६ | १२ |
| ५४ | ०८ | ०२ | ०६ | १६ |
| ५५ | ०५ | – | ०७ | १२ |
| ५६ | ०४ | – | ०८ | १२ |
| ५७ | ०५ | – | ०७ | १२ |
| ५८ | ०४ | – | ०३ | ०७ |
| ५९ | ०२ | – | ०२ | ०४ |
| ६० | ०१ | – | ०३ | ०४ |
| ६१ | – | – | ०३ | ०३ |
| ६२ | – | – | ०३ | ०३ |
| ६३ | – | – | ०३ | ०३ |
| ६४ | – | – | ०२ | ०२ |
| ६५ | ०१ | – | ०३ | ०४ |
| ६६ | ०१ | – | ०१ | ०२ |
| ६७ | ०१ | – | – | ०१ |
| ७१ | – | – | ०१ | ०१ |
| | ११९ | ७८ | १०८ | ३०५ |

**(परीक्षा शाखा, बु.ब.क्या. २०६६-२०६८) ।**

प्रस्तुत तालिका अनुसार विद्यार्थीले प्राप्त गरेको न्यूनतम देखी अधिकतम प्राप्ताङ्कको क्रमिक रुपमा विद्यार्थीको संख्या अनुसार २०६६, २०६७ र २०६८ सालको समष्टिगत प्राप्ताङ्क र विद्यार्थीले प्राप्त गरेको समान प्राप्ताङ्क अनुसारका संख्या स्पष्ट हुने गरी प्रस्तुत गरिएको छ । जसमा ०६ अंक प्राप्त गर्ने २०६६ सालमा १ जना विद्यार्थी छ तर २०६७, २०६८ सालमा कनै पनि विद्यार्थीले उक्त अंक प्राप्त गरेको छैन, यसैगरी ४० अंक प्राप्त गर्ने २०६६ सालमा ०८ जना, २०६७ सालमा १२ जना र २०६८ सालमा ०३ जना गरी जम्मा २३ जना विद्यार्थीले ४० अंक प्राप्त गर्न सफल भएका छन् । यस्तै गरी ५० अंक प्राप्त गर्ने २०६६ सालमा ०७ जना, २०६७ सालमा ०१ जना र २०६८ सालमा ०६ जना गरी जम्मा १४ जना विद्यार्थीले ५० अंक प्राप्त गर्न सफल भएका छन् । यसैगरी ६० अंक प्राप्त गर्न सफल २०६६ सालमा ०१ जना, २०६८ सालमा ०३ जना गरी जम्मा ०४ जना विद्यार्थीले ६० अंक प्राप्त गर्न सफल भएका  छन् । यस्तै प्रकारले २०६८ सालमा ०१ जना विद्यार्थीले ७१ अंक प्राप्त गरी सफल भएको देखिन्छ । यस तालिकालाई पूर्ण रुपमा विश्लेषण गर्दा ४३ वटा प्राप्ताङ्क (११९+७८+१०८) ३०५ जना विद्यार्थीमा वितरण भएको स्पष्ट हुन्छ ।

## छलफल तथा निष्कर्ष

मानव यौनिकता तथा प्रजनन् स्वास्थ्य (स्वास्थ्य शिक्षा ५१८) विषयको शैक्षिक उपलब्धि लेखाजोखा तथा व्याख्या-विश्लेषण गर्दा स्नाकोत्तर तहमा १०० पूर्णाङ्कको विषयमा ४० अंक अथवा ४० प्रतिशत पास हुनका लागि नभई नहुने हुन्छ भने दोस्रो श्रेणीमा पास हुनका लागि ५० प्रतिशत र प्रथम श्रेणीमा पास हुनका लागि ६० प्रतिशत आधार तोकिएको यथार्थ स्थिती सबैलाई सुचित हुँदाहुँदै पनि २०६६ सालको परिणामलाई दृष्टिगत गर्दा न्युनतम अंक ०६ र अधिकतम ६७ देखीन्छ जसको औसत अंक ३६.५ हुन आउने हुनाले औसत अंक ४० प्रतिशतभन्दा तल रहेको पाइन्छ तर २०६८ सालको प्राप्ताङ्क भने औषत अंक ४९.५ भएको हुनाले त्यसलाई सन्तोषजनक मान्न सकिन्छ। यसैगरी प्राप्ताङ्कलाई वर्गिकरण गरेको आधारमा विश्लेषण गर्दा २०६६ सालमा ४० अंकभन्दा कम ल्याउने १०.९२ प्रतिशत विद्यार्थी र ६० अंकभन्दा बढी ल्याउने ३.३६ प्रतिशत रहेको तथ्याङ्कले देखाउँछ, यसैगरी २०६८ सालमा ४० अंक भन्दा कम ल्याउने १.८५ प्रतिशत त्यसैगरी ६० अंकभन्दा बढी ल्याउने १७.६० प्रतिशत रहेको स्थिति झल्किन्छ । यसैगरी प्राप्ताङ्कका आधारमा विद्यार्थी संख्याको विवरण केलाउँदा अधिकतम विद्यार्थीले मध्यम खालको अंक प्राप्त गरेको आभास हुन्छ । यसले के देखाउँछ भने विद्यार्थीले अंक प्राप्त गर्ने कुरालाई प्रभावित गर्ने तत्वलाई निराकरण गरी त्यसको उचित व्यवस्थापन गर्न तर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।
निष्कर्षमा भन्नुपर्दा विद्यार्थीको शैक्षिक उपलब्धीलाई सफल तथा सार्थक बनाउन उपयुक्त किसिमको शिक्षण सिकाइको वातावरण चाहिन्छ ।शिक्षण सिकाइको स्वस्थ वातावरण मात्र शैक्षिक उपलब्धी परिणाममुखी तथा राम्रो बनाउन सकिन्छ, यसैगरी शिक्षकले विद्यार्थीले बुझ्न सक्ने गरी सिकाउने र विद्यार्थीले पनि सिक्न र बुझ्नका लागि अन्तरमनबाट उजागर हुने अवस्था प्राप्त भएमा शैक्षिक उपलब्धी सुधार गर्न सकिन्छ । नेपालमा त्रि.वि.ले पाठ्यक्रम निर्माण गर्दा अन्तराष्ट्रिय मापदण्ड पुरा गरेर बनाउनु पर्दा त्यस पाठ्यक्रम अध्ययन गर्ने विद्यार्थी र शिक्षण गर्ने शिक्षक दुवै पक्ष त्यसै अनुरुप तयार हुन नसकेको कारण शैक्षिक उपलब्धि सोचे अनुसार हाँसिल हुन नसकेको स्थिती पाइन्छ । त्यसकारण समयको माग प्राप्त स्रोत सुविधा सवैलाई व्यवस्थापन गरी शिक्षण सिकाइको  वातावरण सृजना गर्न सकेमा शिक्षण प्रभावकारी भई शैक्षिक उपलब्धी पनि गुणात्मक हुने कुरामा विश्वास गर्न सकिन्छ ।

## सन्दर्भ ग्रन्थसूची

विश्वविद्यालय अनुदान आयोग, वार्षिक प्रतिवेदन २०५२/५३ ।
विश्वविद्यालय अनुदान आयोग, वार्षिक प्रतिवेदन २०५५/५६ ।
विश्वविद्यालय अनुदान आयोग, वार्षिक प्रतिवेदन २०६४/६५ ।

शर्मा, गोपीनाथ (२०६२),नेपालमा शिक्षाको इतिहास (भाग–१) काठमाण्डौं: मकालु बुक्स एण्ड स्टेशनर्स प्रकाशक तथा वितरक ।
त्रिभुवन विश्वविद्यालय बुलेटिन, २०६९ ।
त्रिभुवन विश्वविद्यालय वार्षिक दिवस विशेषाङ्क, २०६८ ।
त्रिभुवन विश्वविद्यालय वार्षिक दिवस विशेषाङ्क, २०६९ ।
त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ बुलेटिन (२०६०), त्रि.वि. प्रा. संघ केन्द्रिय समिति, जमल, काठमाण्डौं ।
त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ बुलेटिन (२०६४), त्रि.वि. प्रा. संघ केन्द्रिय समिति, जमल, काठमाण्डौं ।
त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ बुलेटिन (२०६५), त्रि.वि. प्रा. संघ केन्द्रिय समिति, जमल, काठमाण्डौं ।
परीक्षाशाखा, विद्यार्थी प्राप्ताङ्क अभिलेख (२०६६/२०६७–२०६८/२०६९), बुटवल बहुमुखी क्याम्पस, बुटवल ।
शैक्षिक प्रशासन शाखा, सञ्चित अभिलेख, बुटवल बहुमुखी क्याम्पस, बुटवल ।